# राप्ती गाउँ कार्यपालिकाको कार्यालय

**मसुरिया, दाङ**

## औषधि तथा औषधिजन्य सामाग्री खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सुचना

**(सुचना प्रकाशित मिति २०७७/१२/०३)**

यस राप्ती गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७७/१२/०२ को निर्णय अनुसार यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुका लागी आवश्यक पर्ने औषधि तथा औषधिजन्य सामाग्री शिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्न यो सूचना प्रकाशित गरिएको छ। योग्यता पुगेका इच्छुक फर्म/कम्पनी/सप्लायर्स/व्यवसायीहरुबाट शिलबन्दी दरभाउ पत्र पेश गर्नका लागी यो दरभाउ पत्र आव्हान गरिन्छ ।

सर्तहरु :

१. सूचना प्रकाशित भएको मितिले १५ औं दिन मिति २०७७/१२/१७ गते सम्म कार्यालय समय भित्र रु.१,०००/०० फिर्ता नहुने गरी भुक्तानी गरी औषधि व्यवसायी प्रमाण पत्र, नविकरण प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमा० पत्र तथा आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाण पत्र वा कर दाखिला गरेको विवरण पत्रको प्रतिलिपि संलग्न राखी रु.१०/०० को टिकट टाँसी निवेदन पेश गरी यस कार्यालयबाट शिलबन्दी दरभाउ पत्र खरिद गर्न सकिनछ ।

२. बिकी भईसकेका दरभाउ पत्रहरु शिलबन्दी गरी १६ औं दिन मिति २०७७/१२/१८ गते १२:०० बजे सम्म दर्ता गराई सक्नु पर्नेछ र सोही दिनको २:०० बजे दर्ता भएका प्रस्तावहरु कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। प्रतिनिधी नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन । दरभाउ पत्र दाताले रु.३५०००/०० जमानत रकम यस कार्यालयको नाममा रहेको बैंक अफ काठमाण्डौ, भालुबाङ्को धरौटी खाता नं.०१५४०००००११३५२४ मा जम्मा गरेको बैंक भौचर वा सो बराबरको दरभाउ पत्र खोलिने मितिले ७५ दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ ।

३. दरभाउ पत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछि लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

४. एक फर्मको नाममा खरिद भएको दरभाउ पत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने टैन ।

५. दरभाउ पत्रमा कबोल गरेको दर रेट अंक र अक्षर दुबैमा प्रष्ट बुझिने गरी लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ र केरमेट भएको ठाउँमा सहीछाप भएको हुनुपर्नेछ ।

६. औषधि खरिद गर्दा WHO GMP Cetified Company बाट उत्पादित औषधि मात्र खरिद गरिनेछ। बोतलमा सप्लाई हुने औषधिहरु प्लाष्टिक बोतलमा र चक्कीहरु स्ट्रिपमा हुनुपर्नेछ। सप्लाई हुने औषधिहरुको प्रत्येक बोतल र प्याकिङ्को बाहिर र चक्कीहरुको स्ट्रिपहरुमा उत्पादन मिति, म्याद गुज्रने मिति, व्याच नं. लेखिएको हुनुपर्नेछ ।

७. औषधि दाखिला हुन आईसक्दा सम्म औषधिको म्याद कम्तिमा १८ महिना बाँकी हुनुपर्नेछ। तर कुनै औषधिको म्याद १८ महिना भन्दा कम हुने अवस्थामा म्यादको ७५ प्रतिशत मयाद बाँकी हुँदाको बखत दाखिला गर्न सकिनेछ ।

८. दरभाउ पत्रमा पेश गरेको मुल्य यस आ.व.को लागी भएकोले आषाढ मसानत सम्म कुनै प्रकारको मुल्यवृद्धीलाई स्वीकार गरिनेछैन ।

९. दरभाउ पत्रमा माग गरिएको परिमाण थपघट गर्ने, दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. दरभाउ पत्र फारममा प्रत्येक औषधिको आइटम वाइज उत्पादक कम्पनीको नाम WHO GMP Cetified Company अनिवार्य रुपले भर्नुपर्नेछ । सोही अनुसारको प्रत्येक औषधिको नमुना समेत अनिवार्य रुपले छुट्टै शिलबन्दी गरी विवर० सहित पेश गर्नुपर्नेछ। साथैं औषधि बिकी वितरण दर्ता प्रमाण पत्र, उत्पादन अनुज्ञा पत्र, विदेशी औषधिको हकमा Letter Of Recommendation For Import Drug आदी प्रमाणहरु पेश गरेको हुनुपर्नेछ। यसरी सम्पुर्ण आइटमहरुको नमुना पेश नभएका फर्महरुको दरभाउ पत्र मुल्यांकन प्रकृयामा समावेश गरिनेछैन ।

११. सार्वजनिक खरिद नियमावली २०६३ को नियम ४० (१) अनुसार दरभाउ पत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, कुनै स्वार्थ नबाझिएको, पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित रुपमा स्वयं घोषणा गरेको पत्र पेश गर्नुपर्नेछ ।

१२. दरभाउ पत्र दाताले दरभाउ पत्रका साथ पेश गर्ने प्रमाण पत्र तथा आवशयक सम्पुर्ण कागजातक प्रतिलिपिहरु नेपाल नोटरी पब्लिक परिषदबाट मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ। नोटरी पबिलकबाट प्रमाणित नगरिएको प्रतिलिपीहरु मुल्यांकन प्रकृयामा समावेश गरिनेछैन ।

१३. दरभाउ पत्र (ओषधि तथा औषधिजन्य सामाग्री) को कुल लागत अनुमान रु.१५७४४८५.७ पन्ध्र लाख चौहत्तर हजार चार सय पचासी रुपैया सत्तरी पैसा हुनेछ ।

१४. यस सुचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।